प्रदेश सरकार

फोन नं.:-०७१-५५०००३
०७१-५५००६३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

पत्र संख्या ०७६/०७७
चलानी नं ८१५

मिति: २०७६।०९।२७

बिषयः समपूरक अनुदानमा संचालित आयोजना/कार्यक्रमहरु सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै)

प्रदेश नं. ५ ।

स्थानीय तहबाट प्रदेश सरकारको समपूरक अनुदानमा संचालित आयोजना/कार्यक्रमहरुमा बोलपत्रबाट घटाघट भई बचत हुन गएको रकमबाट सोही आयोजना/कार्यक्रमहरुमा बाँकी रहेको थप कार्य गर्नका लागि अनुमति माग गरेको सन्दर्भमा प्रदेश सरकारको समपूरक अनुदानमा संचालित सबै स्थानीय तहका आयोजना तथा कार्यक्रमहरुमा बोलपत्रबाट घटाघट भइ प्रस्तावित लागत अनुमान भन्दा कम रकममा BOQ मा उल्लेखित परिमाण बमोजिमको कार्य सम्पन्न हुने गरी ठेक्का स्वीकृत भई सम्झौता भएको र उक्त BOQ मा उल्लेख भएको कामको परिमाण बमोजिमको कार्य सम्पन्न गर्दा समेत आयोजनाको काम बाँकी रहने अवस्था भएमा सोको औचित्य र कारण स्पष्ट हुने गरी आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकममा बचत हुने रकमबाट सोही आयोजनाको बाँकी कार्य देहायबमोजिमका शर्तहरुको अधिनमा रही सम्पन्न गर्नेगरी व्यवस्था हुन सबै स्थानीय तहहरुलाई पत्राचार गर्ने भनी प्रदेश सरकार (माननीय मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) बाट २०७६/०९/२७ मा निर्णय भएकाले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

देहायः

१. नयाँ आयोजना तथा कार्यक्रमको लागि सम्झौता भई बाँकी रहेको रकम खर्च गर्न पाईने छैन र बाँकी रकम प्रचलित कानून बमोजिम ठेक्का वन्दोवस्त प्रक्रियाबाटनै कार्यान्वयन गर्नुपर्नेछ ।

२. स्वीकृत आयोजनाको BOQ मा उल्लेख गरिएको परिमाण बाहेकको परिमाणमा सोही आयोजना कार्यान्वयनको लागि खर्च गरेको हुनुपर्नेछ ।

३. सो आयोजनाको काम बाँकि रहेको भन्ने पर्याप्त आधार र पुष्ट्याँइ उल्लेख भएको हुनुपर्नेछ ।

४. सो आयोजना कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरेको हुनुपर्नेछ ।

शिवकुमार सातौं

प्रदेश सरकार
फोन नं.:-०७१-५५०००३
०७१-५५००६३
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

पत्र संख्या ०७६/०७७
चलानी नं ८१८

५. प्रदेश सरकारले व्यहोर्ने रकम बराबरको रकम स्थानीय तह /उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

६. सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि लगायत प्रचलित कानुनको पूर्णपालना गरेको हुनुपर्नेछ ।

७. यस मन्त्रालयको च.नं. २३४, मिति २०७६।०६।०८, च.नं. २५५, मिति २०७६।०६।१३, च.नं. २७६, मिति २०७६।०६।१७, च.नं. ४१६, मिति २०७६।०७।१८ का पत्रमार्फत समपूरक अनुदानका आयोजना कार्यान्वयनका लागि अनुरोध गरिएका पत्रमा उल्लेखित शर्तहरुको पालना गरिएको हुनुपर्नेछ ।

२०७६।०९।२८
..........................
मोहन पाण्डे
अधिकृत, सातौं

अधिकृत सातौं